टे फो नं. 4-262590,4-262862
Fax No. 977-1-4262896

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ,
काठमाण्डौ, नेपाल ।

प.स. :- ०७६/७७
च.नं. :-

मिति: २०७६/०६/०१

## प्रेस विज्ञप्ति

आगामी २२-२३ सेप्टेम्बर २०१९ मा अमेरिकाको न्यूयोर्कमा सम्पन्न हुने संयुक्त राष्ट्रसंघको महासभामा स्वास्थ्यको सर्वब्यापी पहुँच सम्बन्धी उच्चस्तरीय बैठक "UN General Assembly High Level Meeting on Universal Health Coverage" मा माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवज्यूको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधिमण्डल उक्त कार्यक्रममा सहभागी हुनका लागि २०७६/६/१ मा अमेरिका प्रस्थान गर्ने कार्यक्रम रहेको छ। उक्त बैठकले सदस्य राष्ट्रहरुमा स्वास्थ्यको सर्वब्यापी पहुँच सुनिश्चित गर्नका लागि राजनैतिक तथा आर्थिक प्रतिबद्धता वृद्धि गर्न तथा स्वास्थ्यमा दीगो लगानी सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

उक्त बैठकको अलावा नेपालले पहिलो पटक "Opportunities and challenges towards achieving UHC in least developed countries" बिषयक अतिरिक्त कार्यक्रमको आयोजकको रुपमा नेतृत्व प्रदान गर्नेछ । बंगलादेश, इथियोपिया र मलावीका स्वास्थ्य मन्त्रीहरु तथा संयुक्त राष्ट्रसंघका प्रतिनिधिहरु समेत सह-आयोजकका रुपमा सहभागी हुनेछन् । उक्त कार्यक्रममा नेपालले नेतृत्व गर्ने बिषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/४/१६ को बैठकले निर्णय गरिसकेको छ।

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकका रुपमा परिभाषित गरिसकेको र सोको कार्यान्वयनका लागि जनस्वास्थ्य सेवा ऐन २०७५ समेत तयार भई कार्यान्वयनका क्रममा रहेको सन्दर्भमा स्वास्थ्यको सर्वब्यापी पहुँच सुनिश्चित गर्दै दीगो विकास लक्ष्य हासिल गर्नु नेपाल सरकारको प्रमुख प्राथमिकता रहेको छ। यस परिप्रेक्ष्यमा नेपालले स्वास्थ्यका क्षेत्रमा गरेका उल्लेख्य प्रगति बारे बिश्वसामु देखाउन, अनुभव आदान प्रदान गर्न, विद्यमान चुनौतीहरु बारे छलफल गरि आगामी कार्यदिशा प्रशस्त गर्न र नेपाली जनताको स्वास्थ्यमा सर्वब्यापी पहुँच सुनिश्चित गराउनका लागि अन्तर्राष्ट्रिय क्षेत्रको सहयोग आह्वान गर्ने अवसर समेत प्राप्त हुने उक्त कार्यक्रममा नेपालको तर्फबाट उच्चस्तरीय प्रतिनिधित्व रहनु अपरिहार्य भएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवज्यूले स्वास्थ्यसँग सम्बन्धित WHO बाट आयोजना हुने "Global Action Plan for Healthy Life and Well being for all", र बंगलादेश सरकारबाट आयोजना हुने "Sustainable UHC, Comprehensive Primary Health inclusive of Mental Health and Disabilities" मा सह-आयोजकको रुपमा सम्बोधन गर्नु हुनेछ र नेदरल्याण्ड सरकारबाट प्रस्तुत हुने "Joint Statement for UNGA HLM on UHC" मा समर्थकका रुपमा सहभागी हुनु हुनेछ । यसको अलावा अन्य संघ संस्थाहरुबाट आयोजना हुने कार्यक्रमहरुमा समेत सहभागी हुनु हुने व्यहोरा सबैमा जानकारीको लागि अनुरोध गरिन्छ।

..................
महेन्द्र प्रसाद श्रेष्ठ
प्रवक्ता